**कोरोना भाइरससम्बन्धी प्रदेश २ को अवस्था**
**धनुषा । ०७७ वैशाख २ गते**

विश्वभर फैलिरहेको कोरोना भाइरसको सङ्क्रमण रोकथाम गर्न प्रदेश २ मा तथा स्थानीय तहहरूबाट प्रयासहरू भइरहेका छन् । राहतमा ढिलाई भएका कारण श्रम गरेर दैनिक जिवनयापन गर्ने, दलित, असहाय लगायत अन्य गरिब तथा अतिविपन्नहरू भोकभोकै बस्नु परेको सूचना प्राप्त भईरहेको छ ।

सीमा नाकाहरू शील गरिनुका साथै भारतबाट आउन खोज्नेहरूलाई रोक्न व्यापक प्रहरी प्रयोग भईरहेको छ । राहत वितरणमा राजनिति भइरहेको तथा मापदण्ड अनुरुप वितरण नहुँदा राहत बहिष्कार समेत प्रदेश २ मा भएको जानकारी प्राप्त भएको छ ।

राहत पाउनेहको नामावलीमा आफ्नो नाम संलग्न नभएको भन्दै स्थानीय समूह र स्थानीयतहका पदाधिकारी तथा प्रहरी माथि हातपात हुँदा प्रहरीले अस्रु ग्याँस प्रहार गरेर भीड नियन्त्रण गरेको सूचना प्राप्त भएको छ । सम्भावित कोरोना सङ्क्रमण भएको शङ्कामा परिक्षण गर्ने क्रम बढ्दो छ भने परिक्षणको क्रममा सप्तरी जिल्लामा खडग नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका एक-एक जनाको रिपोर्ट पोजिटिभ आएको अस्पतालले जनाएको सूचना प्राप्त भएको छ

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार गौशाला नपा-६ फुलकाहा स्थित मुसहर बस्तीमा राहतमा राजनीति हुँदा गरिब तथा निमुखा महिला, गर्भवति देखि काखे बच्चा, युवा, वृद्धवृद्धा भोकभोकै बस्न बाध्य भएका छन् ।

गौशला नपा-६ फुलकाहा स्थित मुसहर बस्तीमा बसोबास गर्ने ४५ दिन कि छोरीकी आमा सँगीता सदाको घरमा चुलो छ तर चामल, दाल लगायत सामान सबै रित्तिसक्यो । आँगन सुनसान छन् भने नाङ्गै खेलिरहेका बच्चा पनि भोकले छट्पछाइरहेको देखिन्छ ।

बनिबुतो गरेर खाने उहाँ लकडाउनका कारण सङ्कटमा पर्नु भएको छ । उहाँ भन्नु हुन्छ-‘लकडाउनले कतै काम पाउँन सकिँदैन । घरमै बस्नु परेको छ । मजदुरी गर्न नपाउँदा घरमा खाद्यान्न केही बाँकी छैन ।’

लकडाउनको २१ दिन जसोतसो गुजार्नु भएकी उहाँ राहतको पर्खाइमा हुनुहुन्छ तर यहाँ राहत बाँड्ने सुरसार समेत भएको छैन ।

सँगीताले भन्नुभयो-‘आफूले त नुन रोटी खाएर बस्दै आएकी थिएँ तर अब त्यो पनि सक्यो । आफ्नो ४५ दिन की छोरीलाई भुलाउन पनि निकै समस्या परेको छ ।’

सरकारले दिने भनेको राहत पनि अहिले सम्म त्यो बस्तीमा नपुग्दा भोकभोकै बस्ने स्थिती सृजना भएको छ ।

मधेसमा वैशाख २ गते जुडसीतल मनाइन्छ । यो दिन मधेसका हरेक घरमा मिठो मिठो खाना पाक्छ । तर सँगीता सदाका परिवार जुडसीतलका दिन नुन भात पनि खानबाट वञ्चित भएको उहाँले बताउनु भयो ।

सँगीताको पति पनि मजदुरी गर्नुहुन्थ्यो तर लकडाउन सुरू भएदेखि उहाँ पनि घरमै बस्नु हुन्छ । उहाँको तीन छोरी र दुई छोरा रहेका छने । सबै जना १५ वर्ष मुनिका छन् । सँगीता जस्तै सोही ठाउँका एक दर्जन बढी मुसहर सदा परिवारको हालत उस्तै छ । दैनिक ज्याला मजदुरी गरेर गुजारा चलाउँदै आएका उनिहरूले बाहिर काम खोज्न जान नपाउँदा जीवन नै धरापमा परेको छ ।

ऐलानी जग्गामा पुस्तौदेखि बस्दै आएका त्यहाँका मुसहरहरूलाई हात-मुख जोड्न मुस्किल भएको छ । स्थानीय रामबहादुर मुसहरले भन्नुभयो-‘अहिले कुनै गाउँ पस्न दिइँदैन । गाउँलेहरू भाइरस लिएर आइस् भन्छन् । पुलिस पनि लखेट्छन् । यस्तै रह्यो भने कसरी बाँच्नु ?’ उहाँले प्रश्न गर्नुभयो ।

सरकारले राहत दिन्छ भन्ने सुनेपनि अहिलेसम्म यहाँ कोही पनि सोधपुछ गर्न नआएको रामबहादुरले गुनासो गर्नुभयो । 'उहाँले पीडा पोख्दै भन्नुभयो-'साँझ खाएपछि बिहान के खाने भनेर सोच्दा राति निद्रा पर्दैन, कोरोना भाइरसबाट अहिलेसम्म त बाँचेछु तर अब भोकले नै मर्छुजस्तो लाग्छ ।'

गौशाला नपा-६ फुलकाहामा दलितको बाहुल्य छ तर उनीहरूको पीडा जनप्रतिनिधिले पनि महसुस गरेका छैनन् ।

जनप्रतिनिधिहरू गैरजिम्मेवार बनेको स्थानीय युवा नरेन्द्र महतोले आरोप लगाउनुभयो । महतोले लकडाउनका कारण यहाँका विपन्न दलितहरू भोकले मर्ने अवस्था आउँदा पनि सरोकारवाला निकाय चुपचाप बसेकोमा दुःख व्यक्त गर्नुभयो ।

त्यसैगरी फुलकाहाका एक शिक्षिका लक्ष्मी साहले भन्नुभयो-'चुनावका बेला दलित बस्तीमा भोट किन्न दिनरात आउने गर्छन् तर यस्तो सङ्कटका बेला दलितहरूको दुःखमा साथ दिन कुनै नेता नआउनु ठूलो विडम्बना हो ।' साहले अबिलम्ब राहत उपलब्ध गराएर दलितको पीडामा मलहम लगाउन सरकारसँग माग गर्नुभयो ।

यता, गौशाला नगरपालिकाका प्रवक्ता भोजबहादुर दर्लामीले सर्वदलीय समिति बनाउनमा समय लागेकाले राहत वितरण गर्न नपाएको बताउनु भयो । उहाँले मजदुरी गरेर जीवन गुजारा गर्ने यहाँका दलितहरू वास्तवमा समस्यामा परेको समेत स्वीकार गर्नुभयो । राहत दुई दिनभित्रै वितरण गर्ने तयारीमा लागेका छौं ।' दर्लामीले भन्नुभयो ।

प्रदेश २ सरकारले लकडाउनका कारण गरिब, विपन्न र मजदुरका लागि राहत प्याकेजको घोषणा गरेको दुई साता बित्न लागेको छ । स्थानीय तहलाई प्रदेश सरकारले रकम पनि पठाइसकेको छ ।

राहत वितरण भने अधिकांश स्थानीय तहले सुरू गरेको छैन ।

प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवले सबै स्थानीय तहले राहत वितरण सुरू गरिसकेको झुठो दाबी गर्नु भएको छ । उहाँले भन्नुभयो-'सबै स्थानीय तहमा राहत वितरण भइरहेको रिपोर्ट आएको छ।'

मुख्यमन्त्री लालबाबु राउतले कोरोना महामारी नियन्त्रणका लागि सीमामा सर्तकता र स्वास्थ्य परीक्षणमा तदारूकता देखाउन सम्बन्धित अधिकारीहरूलाई निर्देशन दिनु भएको छ ।

मुख्यमन्त्री निवासमा आज सम्पन्न प्रतिपक्षीदलका नेताहरू सहितको निर्देशक समितिको बैठक पछि मुख्यमन्त्री राउतले सुरक्षा निकायका पदाधिकारी एवम् स्वास्थ्य क्षेत्र सँग सम्बन्धित पदाधिकारीहरूलाई यस्तो निर्देशन दिनु भएको हो ।

मुख्यमन्त्री राउतले खुला सीमा-नाका भएको कारण प्रदेशमा कोरोनाको त्रास बढेको हुँदा सीमा नाकामा थप कडाई गर्न सुरक्षा निकायको पदाधिकारीहरूलाई निर्देशन दिनु भयो । उहाँले सुरक्षामा चाहिने आवश्यक सामग्री तुरून्त उपलब्ध गराउन आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई निर्देशन समेत दिनु भयो ।

स्वाब परीक्षणमा तीब्रता आउन नसकेको गुनासो चारै तिरबाट आएको उल्लेख गर्नु हुँदै मुख्यमन्त्री राउतले स्वाब परीक्षण लगायतको काममा तदारूकता देखाउन समाजिक विकास मन्त्रालयलाई निर्देशन समेत दिनु भयो ।

मुख्यमन्त्री राउतले कोरोना नियन्त्रणको लागि रकमको कुनै आभाव हुन नदिने प्रतिबद्धता जनाउँदै कार्यान्वयको पाटो कुनै पनि बहाना सुन्न नचाहेको समेत बताउनु भयो ।

आजको बैठकमा मुख्यमन्त्री राउतका अतिरिक्त मन्त्रीहरू, प्रतिपक्षी नेपाली कांग्रेका नेता रामसरोज यादव, नेकपाका प्रदेश सभा सदस्य शत्रुधन महतो, प्रमुख सचिव लगायत सबै मन्त्रालयका सचिवहरू,

स्वास्थ्य सल्लाहकार समूहका पदाधिकारीहरू, चार ओटै सुरक्षा निकायका प्रदेश प्रमुखहरू सहितको उपस्थिति रहेको थियो ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसी लामिछाने**का अनुसार छिपहरमाई गाउँपालिकाले गाउँपालिकालाई शिल गर्ने निर्णय गरेको छ । सुरक्षा तथा जनप्रतिनिधिको आजको बैठकबाट यस्तो निर्णय गरिएको गाउँपालिका अध्यक्ष मनोज गुप्ताले बताउनु भयो ।

आजको निर्णय पछि छिपहरमाई गाउँपालिकामा कोही प्रवेश गर्न पाउँदैनन् भने त्याहाँबाट निस्कन पनि पाउँदैनन् । गाउँपालिका भित्र पनि एक वडाबाट अर्को वडामा आउन जान नपाउने निर्णय भएको छ ।

छिपहरमाई गाउँपालिकाको दुई तिर भारतसँग सीमा जोडिएको छ । छिपहरमाई गाउँपालिकाको निर्णय भारतबाट आउनेहरूलाई रोक्ने प्रति पनि केन्द्रीत रहेको छ ।

गाउँपालिका भरि ज्वारो क्लिनीक सञ्चालन गर्ने समेत निर्णय भएको छ । गाउँपालिकाले आफ्नो क्षेत्रका हरेक परिवारका सदस्यको स्क्रिनिङ्ग गरि रेकर्ड राख्ने निर्णय भएको छ ।

गाउँपालिका शिल भएपछि अत्यावश्क औषधीको आपूर्तीलाई व्यवस्थित बनाइने भएको छ । आवश्यक औषधीको विवरण स्वास्थ्यकर्मी, प्रहरी र गाउँपालिका प्रहरीलाई उपलब्ध गराए ती सबै औषधीहरू गाउँपालिकाले उपलब्ध गराउने व्यवस्था मिलाएको छ ।

गाउँपालिकाले राहत वितरणको कामलाई निरन्तरता दिने जनाएको छ । गाउँपालिका भरिमा १ हजार ६ सय परिवारको पहिचान भएको छ ।

उनीहरूलाई दिँदै आएको राहतलाई निरन्तरता दिइने निर्णय भएको अध्यक्ष गुप्ताले बताउनु भयो । राहत पाउन छुटेका नामावली समेत सङ्कलन गर्ने र समस्यामा परेकाहरूलाई गाउँपालिकाले जारी गरेको दुइ ओटा मोबाइल नम्बरमा सम्पर्क गर्न आग्रह गरेको छ । ९८०९२७८०२७ ,९८४५३१०१७२ मोबाइल नम्बरलाई हेल्पलाईनको रूपमा प्रयोग गरिएको छ ।

यसैबीच पर्साको पकाहा मैनपुर गाउँपालिकाका वडा नं. ३ मैनपुर टोलवासीले गाउँपालिकाद्वारा वितरण गर्न लगिएको राहत लिन मानेका छैनन् । वाडध्यक्ष मदन साह कानुले जनतालाई जति सम्झाउदा पनि मैनपुर टोलका बासिन्दाले राहत लिन नमाने पछि राहत वितरण टोली फर्किनु परेको छ ।

गाउँपालिकाले लकडाउमा प्रभावित परिवारको लागि प्रति परिवार १० किलो चमाल, आधा किलो दाल, एक किलो प्याज, दुई किलो आलु, आधा किलो चना, आधा किलो सोयाबिन र आधा लिटर खाने तेल वितरण गर्न लगेको थियो तर गाउँका बासिन्दाहरूले सरकारी मापदण्ड अनुसार राहत नभएको भन्दै फिर्ता पठाइ दिएका छन् ।

स्थानीयका अनुसार गाउँपालिकाले राहत वितरणको लागि विशेष सभा गरी ८० लाख रुपियाँ छुट्याएको थियो । राहत वितरणकै लागि प्रदेश सरकारले पनि गाउँपालिकालाई रू १० लाख अनुदान दिएको छ । दुबै रकमबाट बोर्ड बैठकको निर्णय अनुसार २५ किलो चामल, तीन किलो दाल, पाँच किलो आलु, तेल एक लिटर लगायतका खाद्यान्न राहत वितरण गर्ने निर्णय भएको थियो ।

तर आज राहत सामग्री कम लिएर वितरण गर्न गाउँपालिकाको टोली आए पछि आफुहरूले राहत बहिस्कार गरेको स्थानिय नरेश पटेलले बताउनु भयो ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साह**का अनुसार ईश्वरपुर नगरपालिका-१५ गौरिशंकर स्थित सुकनाहा बजार वडा कार्यालयमा राहतको विषयमा दुईपक्ष बीच झडप भएको छ ।

राहतको विषयमा भएको विवाद बढेर ईश्वरपुर नपा-१५ गौरिशंकर, सुकनाहा बजारका स्थानीय बासिन्दाहरूको एक समूह तथा वडाध्यक्ष सहित जनप्रतिनिधिहरू बीच झडप भएपछि प्रहरीले भिड नियन्त्रणमा लिन तीन सेल आसु ग्याँस प्रहार गरेको छ ।

दिउँसो १:०० बजे वडा कार्यालयमा पुगेको १ सय ६० जनाको समूहले आफूहरूको नाम राहत पाउने लिष्टमा नभएको भन्दै विवाद गर्दै वडाध्यक्ष सहित जनप्रतिनिधि र कर्मचारीहरूमाथि हातपात गरेको ईश्वरपुर ईलाकाका प्रहरीले जनाएको छ ।
सम्झाई बुझाई गर्न खोज्दा सुरक्षाकर्मी माथि नै ढुङ्गामुडा गर्न थालेपछि भिड तितर-वितर पार्नका लागि तीन सेल अस्रु ग्याँस प्रहार गरिएको जिल्ला प्रहरी कार्यालय मलंगवाका प्रवक्ता एसपी मदन कुवँरले जानकारी दिनु भएको छ ।
ईश्वरपुर नगरापालिका-१५ स्थित गौरिशंकर, सुकनाहा बजारका बासिन्दाहरूले ढुङ्गा प्रहार गरेको ढुङ्गाले लागेर प्रहरी असई वर्ष ३४ को विरेन्द्र यादव तथा प्रहरी जवान वर्ष २८ को भागेश्वर यादव सामान्य घाईते भएको प्रवक्ता तथा एसपी कुवँरले जानकारी दिनुभएको छ ।
प्रहरी एसपी कुवँरका अनुसार राहत पाउने लिष्टमा आफूहरूको नाम नपरेको भन्दै वडाअध्यक्ष लगायतसँग विवाद गरिरहेको समूहलाई सम्झाई बुझाई पठाउन खोज्दा सुरक्षाकर्मीमाथि नै ढुङ्गामुडा प्रहार गरेर सुरक्षाकर्मी नै घाईते भएकाले भिड नियन्त्रण गर्न बाध्य भएर अस्रु ग्याँस प्रहार गर्नु परेको बताउनु भयो । त्यसपछि फेरि झडप हुन सक्ने भएकाले सुरक्षा व्यवस्था अत्यन्त कडा पारिएको र हाल उक्त क्षेत्रको स्थिती शान्तिपूर्ण रहेको एसपी कुवँरले जानकारी दिनुभएको छ ।
ईश्वरपुर नगरपालिका-१५ का वडाअध्यक्ष कपिलदेव चौधरी धाँमीले कार्यालयमै आएर आफूहरूमाथि आक्रमण भएको जानकारी गराउनु भएको छ ।
आजैबाट राहत वितरण गर्नका लागि जनप्रतिनिधि एवम् केही राजनैतिक दलका प्रतिनिधिहरू कार्यालयमा छलफल गरिरहेका थिए । एक्कासी एक समूह कार्यालयमै आएर हाम्रो नाम किन राहत पाउने लिष्टमा नराखेको भन्दै हातपात गर्न सूरू गरेको र राहत वितरणको विषयमा निर्णय लेखिएको पुस्तिका समेत नियन्त्रणमा लिएर उक्त समूहले च्यातिदिएको ईश्वपुर नगरपालिका-१५ का वडाअध्यक्ष कपिलदेव चौधरी धाँमीले जानकारी गराउनु भएको छ ।
नाम छुटेको भए सर्वदलिय बैठक बसेर सच्याउँछौं भन्दाभन्दै उक्त समूह हातपातमै उत्रिएको वडाअध्यक्ष धाँमीको दावी रहेको छ ।
वडाभित्र राहत पाउनका लागि हालसम्म ५ साय ३४ घरधुरीको नामावली सङ्कलन भएको उल्लेख गर्दै वडाध्यक्ष धाँमीले पाउनैपर्ने वास्तविक घरधुरी छुटेको भए अझैपनि सर्वदलिय बैठक बसेर सच्याई दिने जानकारी दिनुभएको छ ।
कोरोना भाईरस (कोभिड-१९) को सङ्क्रमणबाट बच्नका लागी सरकारले गरेको १२ दिन अझै थपिएको लकडाउनका कारण खानै नपाउने अवस्थामा पुगेका अति विपन्न परिवारहरूलाई हाल जिल्ला स्थित विभिन्न स्थानीय तहले धमाधम राहत स्वरूप खाद्यान्न वितरण सूरू गरिरहेका छन् । कतिपय स्थानीय तहमा भने नाम सङ्कलनकै क्रममा विवाद भएकाले राहत वितरण सूरू नै हुन सकेको छैन । राहत पाउने नाममा राजनैतिक रङ्ग दिने प्रचलनका कारण विवाद बढ्ने गरेको स्थानीयहरूको भनाई रहेको छ ।
चन्द्रनगर गाउँपाकिलामा जम्मा क्वारेन्टाई बेड ४३ ओटा रहेकोमा अरू २० ओटा बेड भोली या पर्सी थपिने र तत्कालका लागी टेन्ट हाउसबाट फोमको बेड राखी बिरामीहरूको व्यास्था गरेको छ । आज फेरी एक जनालाई चन्द्रनगरक क्वारेन्टाईनमा राखिएको चन्द्रनगर गाउँपालिका अध्यक्ष महेन्द्र महतोले बताउनु भएको छ ।
**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार भारतको दिल्लीस्थित निजामुद्दीन मरकजबाट आएका सात जना र खडग नपाका एक जनाको वैशाख २ गते राजविराजस्थित

गजेन्द्रनारायण सिंह अस्पतालमा र्‍यापिड डाइग्नोस्टिक (द्रुत परिक्षण) किटबाट कोरोना परीक्षण गरिएको छ ।
मरकजबाट आएका खडग नगरपालिकाका तीन, सुरूङ्गा नगरपालिका, अग्नीसाइर कृष्ण सवरण, बिष्णुपुर र तिलाठी कोइलाडी गाउँपालिकाका एक-एक जना गरी सात जनाको वैशाख २ गते राति आरडिटीबाट द्रुत परिक्षण गरिएको अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दासले बताउनु भयो ।
जसमध्ये खडग नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका एक-एक जनाको रिपोर्ट पोजिटिभ आएको अस्पतालले जनाएको छ । उहाँहरू दिल्लीको निजामुद्दीन मरकजमा सहभागी भएर चैत ११ गते सप्तरी फर्किनु भएको थियो । सप्तरी फर्किएका उहाँहरू घरमै रहनु भएको थियो ।
रिपोर्ट पोजिटिभ आएपछि दुई जनालाई राजविराजस्थित अस्पतालमा आइसोलेशनमा राखी सात जनाकै स्वाब परिक्षणका लागि राति नै धरानस्थित बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ । अन्य पाँच जनालाई खडग नगरपालिकास्थित क्वारेन्टाइनमा पठाइने अस्पतालमा प्रमुख मेसु दासले बताउनु भयो ।
यसैगरी राजविराज बाहेक अन्य विभिन्न स्थानीय तहमा वैशाख २ गतेसम्म ९३ जनाको द्रुत परिक्षण गरिएको छ । स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवका अनुसार ९३ जनाकै रिपोर्ट नेगेटिभ आएको छ ।
सप्तरीमा रहेको चार ओटा क्वारेन्टाइनमा वैशाख २ गते नौ जना थप भएका छन् । राजगढ गाउँपालिका-३ स्थित जसमावि नर्घोमा चार जना, सुरूङ्गा नपा-५ स्थित मसिलाल जनता मावि र बलान बिहुल गाउँपालिका-१ स्थित स्वास्थ्य चौकी मल्हनियामा दुई-दुई जना तथा तिलाठी कोइलाडी गाउँपालिका-८ स्थित लक्ष्मी बल्लभ नरसिंह माविमा एक जना पुरूष थप भएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।
यसैगरी विभिन्न क्वारेन्टाइनमा बसेका दुई महिला र १९ पुरूषलाई वैशाख २ गते घर पठाइएको छ । हनुमाननगर कंकालिनी नपा-२ स्थित सकरदहीबाट आठ पुरूष, अग्नीसाइर कृष्ण सवरण गाउँपालिका-१ स्थित जनचेतना माविबाट चार पुरूष, तिलाठी कोइलाडी गाउँपालिका-१ स्थित बृद्धाश्रमबाट चार पुरूष, बोदे बर्साइन नगरपालिका-५ स्थित चन्द्र नमूना माविबाट दुई महिला र दुई पुरूष तथा खडक नगरपालिका-९ स्थित स्वास्थ्य चौकी मैनासहश्रबाहुबाट एक पुरूषलाई घर फर्काइएको हो ।
क्वारेन्टाइनहरूमा बस्नेको सङ्ख्या घटेर तीन महिला र २ सय ९ पुरूष भएको छ । सप्तरीको १८ ओटा स्थानीय तहले सञ्चालन गरेको ३२ ओटा क्वारेन्टाइनमा ५ सय ८७ ओटा बेड रहेको छ ।
कोभिड-१९ नियन्त्रणको लागि सप्तरी जिल्लालाई राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेलले वैशाख २ गते स्वास्थ्य तथा सुरक्षा सामग्री प्रदान गर्नुभएको छ ।
स्वास्थ्य संस्थामा सुरक्षा सामग्री अभाव भइरहेका बेला राष्ट्रिय सभा सदस्य प्याकुरेलले राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताललाई ६ थान पिपिई सेट, १ हजार मास्क र १० लिटर सेनेटाइजर प्रदान गर्नुभयो ।
यसैगरी वैशाख २ गते उहाँले छिन्नमस्ता गाउँपालिकाका लागि समेत १ हजार मास्क र पाँच लिटर सेनेटाइजर प्रदान गर्नुभयो । जटिल परिस्थितीमा कोरोना सङ्क्रमणविरूद्ध अग्रपंक्तिमा खटिनु भएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र क्वारेन्टाइन लगायतको व्यवस्थापनमा रहनु भएका जनप्रतिनिधीका लागि सुरक्षा सामग्री ल्याएको राष्ट्रिय सभा सदस्य प्याकुरेलले बताउनु भयो ।
यसअघि उहाँले सप्तकोशी, कञ्चनरूप, हनुमाननगर कंकालिनी नगरपालिका र अग्नीसाइर कृष्णसवरण र तिरहुत गाउँपालिकालाई एक/एक थान पिपिई सेट, एक/एक हजार मास्क, पाँच/पाँच लिटर

सेनिटाइजर प्रदान गर्नु भएको थियो । सबै सामग्रीहरू उहाँले स्थानीय तहको प्रमुखलाई हस्तान्तरण गर्नुभयो ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले कोरोना परिक्षणको चैत २८ गते सम्म ६१ जनाको स्वाबको नमूना सङ्कलन गरीएको थियो । जसमध्ये भगवानपुर गाउपालिका स्थित दुई ओटा क्वारेन्टाइनबाट चैत २६ गते २३ जनाको र चैत २७ गते १८ जनाको स्वाव सङ्कलन गरेको बताउनु भयो । भगवानुर गाउपालिकाको क्वारेनटाइनमा चैत २६ गते २३ जनाको नमूना सङ्कलन गरीएको मध्ये सबैको नतिजा वैशाख १ गते निगेटिभ आएको र अन्यको नतिजा आउन बाँकि रहेको प्रमुख यादवले बताउनु भयो ।

गोलबजार नपा- ४ स्थित जनता माविमा रहेको क्वारेनटाइनमा निगरानीमा रहेकाहरूको वैशाख २ गते १५ दिन पुगेकोहरू ६ जनाको आरडिटि टेस्ट गरीएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले बताउनु भयो । टेस्ट गरीएका सबैको परिणाम निगेटिभ आएको प्रमुख यादवले जानकारी दिनु भयो । प्रमुख यादवका अनुसार आजै आरडिटि किट आएको र १५ दिन क्वारेनटाइनमा पुगेकाहरूलाई टेस्ट गरीने उहाँले बताउनु भयो । आरडिटि टेस्ट गर्न आजै गोलबजारमा ल्याब टेक्नेसियनहरूलाई तालिम प्रदान गरेको र सबै क्वारेन्टाइनहरूमा टेस्ट शुरू गर्ने यादवले जानकारी दिनु भयो ।

जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेका अनुसार क्वारेनटाइनमा शङ्कास्पद बिरामीहरूरूलाई निगरानीमा राख्ने क्रम जारी रहेको बताउनु भयो । उहाँका अनुसार केही व्यक्तिहरू क्वारेन्टाइनमा बसेर गईसकेका छन् भने वैशाख २ गते सम्म १२ जना महिला ९९ जना पुरूष गरी १ सय ११ जना बसीरहेको बताउनु भयो । त्यसैगरी होम क्वारेन्टाइनमा पाँच महिला गरी १ सय ११ जना निगरानीमा रहेको डिएसपी घिमिरेले बताउनु भयो ।

लकडाउनको अवज्ञा गर्दै चलाएका सवारी साधानहरूलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय सिरहाले कारवाही प्रकृया अगाडी बढाएको जिल्ल प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेले बताउनु भयो । वैशाख २ गते लकडाउनको उल्लङ्घन गरेको आरोपमा ५२ ओटा मोटर साइकल कारवाहीको लागि नियन्त्रणमा लिएको डिएसपी घिमिरेले बताउनु भयो ।

सिरहा नपा-१७ मा वैशाख १ गते साँझ लकडाउन उल्लङ्घन गर्ने स्थानीय र प्रहरी बीच झडप हुँदा जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी सहित तीन जना घाइते भएका छन् भने स्थिति नियन्त्रण गर्न २३ राउण्ड हवाइ फायर गरीएको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेले बताउनु भयो ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार रौतहटको क्वारेन्टाइनमा १७ जना महिला र १ सय ९९ जना पूरूष गरी जम्मा २ सय १६ जना रहेका छन् । ८२ जना क्वारेन्टाइनबाट घर फिर्ता गरीएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । १ सय ५२ जनाको स्वाब सङ्कलन गरीएकोमा ६७ जनाको रिर्पोट नेगेटिभ र एक जनामा पोजेटिभ देखिएको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले जानकारी गराउनुभयो ।

हातधुने र सामाजिक दुरी कायम गराउने उद्देश्यले आज राजदेवी न.पा–४ मा ३२ परिवारलाई विभिन्न सामग्री सहयोग गरीएको छ । अक्सफम नेपाल र ग्रामीण विकास केन्द्र गौरको सहकार्य तथा नेपाली सेना तथा राजदेवी नपा-४ का ३२ परिवारलाई बाल्टिन र साबुन वितरण गरीएको हो । वितरण कार्यक्रममा ग्रामीण विकास केन्द्र गौरका अध्यक्ष पारस हुसैन लगायतको उपस्थिति रहेको थियो ।

रौतहट र सर्सामा कोरोना भाइरसको सङ्क्रमित फेला परेपछि रौतहटमा थप कडाइ गरीएको छ । वैशाख १ गतेबाट पुर्वपश्चिम राजमार्गको धन्सार र बागमतिमा सुरक्षाकर्मी राखेर आवत-जावतमा

कडाइ गरीएको छ । अनुमती नभएका सवारी साधन तथा पैदल यात्रुहरूलाई आवत जावतमा कडा पार्ने निर्णय भएको छ ।
यस्तै चन्द्रपुर नपा लगायतका वडाहरूले वितरण गर्ने राहत वैशाख ३ गते सम्ममा वितरण गरीसक्न निर्देशन भएको छ । आउँदो ३ गते भित्र निर्देशिका अनुसार पहिलो चरणको राहत वितरण गरी सक्नुपर्ने निर्णय भएको छ ।
वैशाख १ गते कोरोना सङ्क्रमित रौतहटका युवाको परिवारका सबैको कोरोना परीक्षण रिपोर्ट नेगेटिभ आएको छ । इसनाथ नगरपालिका बस्ने १९ वर्षीय युवामा कोरोना पोजेटिभ देखिएसँगै उनको परिवारका सदस्यहरूको पनि कोरोना र्‍यापिडटेस्ट मार्फत परीक्षण गरीएको थियो ।
युवकका घरका परिवार सदस्य १४ जना सहित जम्मा ३९ जनाको टेस्ट गरीएको थियो । सबैको रिर्पोट नेगेटिभ आएको गौर अस्पतालका मेसु कृष्ण साहले जानकारी दिनुभयो । साथै उनी बस्ने गरेको क्वारेन्टाइनमा कार्यरत स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीको पनि र्‍यापिड डाइगोनिष्ट विधिबाट परीक्षण गरीएको छ । कोरोना सङ्क्रमित युवकमा परिवारका सबै सदस्यहरूलाई पनि क्वारेन्टाइनमा राखिएको छ ।
गत चैत १६ गते मध्यरातमा दिल्लीबाट नेपाल आइपुगेका उनलाई १७ गते बिहानै सोही नगरपालिकाको जनता मावि औरैयाको क्वारेन्टाइनमा राखिएको थियो । चैत २९ गते सो क्वारेन्टाइनमा रहेका ३० जनामध्ये २५ जनाको थ्रोट स्वाब नमुना परीक्षण गर्न राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा काठमाडौं पठाइएकोमा उनको मात्र कोरोना पोजेटिभ देखिएको हो । १६ दिन अघि दिल्लीबाट आएका मुस्लिम समुदायका ती युवाको उपचारका लागि नारायणी उपक्षेत्रीय अस्पताल वीरगंज लगिएको छ ।
जिल्लामा कोरोना सङ्क्रमित देखिएसँगै प्रशासनले जिल्लाका विभिन्न स्थानहरूमा र्‍यापिड डाइगोनिष्टटेस्ट गराउने तयारी गरीरहेको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले जानकारी दिनु भएको छ । भारतसँग सीमा जोडिएका स्थानहरूमा थप सुरक्षाकर्मी परिचालन गरेर निगरानी बढाइएको समेत प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनुभयो ।
कहहरिया नगरपालिका स्थित श्री जनता माविको क्वारेन्टाइनमा कोरोनाको आशङ्कामा बसिरहेका २७ जनालाई आज घर फर्काइएको छ । जनकपुर प्रादेशिक अस्पतालमा गरीएको स्वाब परीक्षणमा उनीहरूको रिपोर्ट नेगेटिभ आएपछि आज उनीहरूलाई राहत सहित घर फर्काइएको हो ।
उनीहरूलाई कटहरिया नगरपालिकाको तर्फबाट राहत स्वरूप चामल २५ किलो, दाल दुई किलो, नुन एक किलो, खानेतेल दुई लिटर, आलु चार किलो, प्याज एक किलो, साबुन चार पिस वितरण गरीएको छ । कटहरियाको क्वारेन्टाइनबाट पाँच जना महिला, २२ जना पूरूष गरी जम्मा २७ जनालाई फर्काइएको हो । बिदाइ हुनेहरू मध्ये चार जना बालबालिका पनि रहेका थिए ।
कटहरिया नगरपालिका नगर प्रमुख सियाराम कुशवाहा र उपप्रमुख नुरजहाँ खातुन, ईलाका प्रहरी कार्यालय कटहरियाका सई सुरेन्द्र सिंह, नेपाली सेनाका जमदार तारामान राई, सशस्त्र प्रहरी बेश क्याम्प दुधियाभारका इन्स्पेक्टर राम थापा सहित पत्रकारहरूको रोहबरमा क्वारेन्टाइनमा बस्नेहरूलाई छोडिएको थियो । बिदाइ गर्दै नगरप्रमुख कुश्वाहा र उपप्रमुख नरजाहाँ खातुनले सबैजना घरमा सुरक्षित बस्न आग्रह गर्नुभयो ।
**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार कोरोना भाईरस सङ्क्रमितको शङ्का लागेकाहरूका लागि जिल्लाका १६ ओटा स्थानीय तहमा स्थापना भएका क्वारेन्टाईनमा नेपाली नागरिक ९३ जना र भारतिय नागरिक ५५ गरी जम्मा १ सय ४८ जना क्वारेन्टाइनमा रहेको र दुई जनाको स्वाब परीक्षण हुँदा नेगेटिभ आएको सिडिओ रूद्र प्रसाद पण्डितले बताउनुभयो । उहाँले परीक्षण किट १

सय ओटा आएको र परीक्षण गर्ने विधि र प्रक्रिया पुऱ्याउन पर्ने भएकाले बिस्तारै परीक्षण भएको साथै छिटो परीक्षण गर्नका लागि सरकारसँग पहल गरीरहेको बताउनुभयो ।

क्वारेन्टाइनम रहेका बिरामीलाई कुनै समस्या भएमा आईशोलेसनमा राखेर उपचार गर्ने भए पनि कलैया अस्पताललाई कोरोना अस्पताल घोषण मात्र भएको आवश्यक सामग्री नभएर कसरी समस्या समाधान गर्ने भन्नेबारे चिकित्सकको टोली बसेर सल्लाह भइरहेको कलैया अस्पतालका चिकित्सक प्रेमचन्द्र चौरसियाले बताउनुभयो ।

प्रदेस सभा सदस्य सुन्दर विश्वकर्माले क्वारेन्टाइनलाई थप व्यस्थि गर्नु पर्ने र अइसोलेसनमा आवश्यक चिकित्सक र औषधिको व्यवस्था गर्न प्रदेश सरकारको ध्यान आर्षण गरेको बताउनु भयो । उहाँले ज्वरो आएका नागरिकको उपचार गर्न कोरोना भन्दा फरक अस्पतालको व्यवस्था मिलाएर नागरिकको उपचार गर्नका लागि व्यवस्था मिलाउन प्रदेश सररकालाई सुझाव दिएको बताउनु भयो । उहाँले लकडाउन लम्बिँदै जाँदा किसानले उत्पादन गरेका अनाज थन्काउने र उत्पादन बढाउन पनि ध्यान दिएर खानाको जोगो गर्न सरकारको ध्यान आकर्षर्ण गरेको बताउनुभयो ।

लकडाउनबाट प्रभावित कलैया उमनपा-८ का अतिविपन्न ४ सय घरपरिवारलाई वैशाख दुई गते राहत स्वरूप काक्रो र लौका वितरण गरेको वडा अध्यक्ष बिक्रम यादवले बताउनुभयो । परवानीपुर गाउँपालिका-१ बुनियादमा ४ सय ६५ अति विपन्न घर परिवारलाई राहत सामग्री वितरण गरेको वडा अध्यक्ष मिश्री महतोले बताउनुभयो ।

राहत वितरण गर्न गाउँपालिका अध्यक्ष हरिनारायण साह, उपाध्यक्ष सावित्रीदेवी लगायतकाले लाईन बसेर राहत वितरण गर्न सहयोग गरेको प्रमुख प्रशासकिय अधिकृत आशिस गिरीले बताउनुभयो ।

करैयामाई गाउँपालिका-५ का अति विपन्न २ सय ६८ घरपरिवारलाई वैशाख २ गते राहत वितरण गरेको वडा अध्यक्ष उमेश चौधरीले बताउनुभयो । उहाँले १ सय ७७ जनालाई  २५ किलो चामल, दाल दुई केजी, नुन एक केजी, तेल एक लिटर, आलु पाँच किलो वितरण वितरण गरेको बताउनुभयो । उहाँले ९१ जनालाई २० किलो चामल, दाल दुई केजी, नुन एक केजी, तेल एक लिटर, आलु पाँच किलो वितरण गरेको बताउनुभयो ।

गाउँपालिका अध्यक्ष भुनेश्वर धामी, उपाध्यक्ष चित्ररेखा चौधरी, राहत वितरण समितिका मिश्रीलाल सहनी, अनिल चौधरी, द्वारिका पाल, सुगान्धीदेवी पासवान, वडा सचिव हरेन्द्र केशरी, कार्यालय सहयोगी जंगबहादुर राम लगायतले नागरिकलाई लाईनमा लगाउन र राहत वितरण गर्न सहयोग गरेको वडा अध्यक्ष चौधरीले बताउनुभयो ।

कोरोना भाइरस विरूद्धको लकडाउनको २२ औं दिन सम्म पुग्दा जिल्लाका १६ स्थानीय तहमा गर्भवती, सुत्केरी र भर्खर जन्मेका नवजात शिशुहरूलाई दिने खोप समयमा सञ्चालन गर्न नसकेकाले समाजमा विभिन्न रोग र महामारिको सङ्क्रमण हुने सम्भावना रहेको वरिष्ठ जनस्वास्थ्य प्रशासक राजकिशोर पण्डितले बताउनुभयो ।

उहाँले गर्भवतीलाई धनुष्टंकार विरूद्धको खोप र सुत्केरीलाई टिटी नलगाएकाले सुत्केरी आमाहरू प्रभावित भएको बताउनुभयो । उहाँले प्रसुती भईसकेपछि जन्मिएका बच्चाहरूलाई बिसिजि, डिपिटि, एफ्आईभिपि र पोलियो विरूद्धको खोप अनिर्वाय दिनपर्ने नदिएकाले यसको प्रभाव नकरात्मक पर्ने बताउनुभयो । उहाँले देश लकडाउनमा भएकाले औषधिलाई सुरक्षित तरिकाले जिल्ला र स्थानीय तह सम्म पुऱ्याउन समस्या भएकोले सरोकारवाला निकाय सँग सहकार्य गरेर समाधानका उपाय खोज्ने बताउनु भयो ।

महागढीमाई नगरपालिका-६ बबुआइनमा अपाङ्ग, बालबालिका, जेष्ठ नागरिक, महिला तथा अति विपन्नहरूले राहत नपाएको सोही वडाका ५० वर्षीय उत्तिमलाल चौरसियाले बताउनुभयो । उहाँले

नगर प्रमुख उपेन्द्र यादवलाई भोट दिएका नागरिकलाई मात्र नगरपालिककाको कार्यालयमा बोलाएर कुपन दिएर राहत वितरण गरेको आरोप लगाउनुभयो । उहाँले नगर प्रमुखले नेपाल सरकारकले घोषणा गरेको लकडाउनलाई भिडभाड गरेर र राहतमा राजनीति गरेर उल्लङ्घन गरेको बताउनुभयो । उहाँले नेपाल सरकारले जारी गरेको मापदण्ड अनुसार राहत वितरण गर्न र मापदण्ड पुरा नगरे सरोकारवाला निकायले नगर प्रमुखलाई कारवाही गर्न पनि माग गर्नुभयो ।

**इन्सेक प्रदेश २ कार्यालय, धनुषा**